बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
नेपाल

## प्रेश विज्ञप्ति

शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने सन्दर्भमा यस बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले गरेको व्यक्ति बेपत्ता पार्ने कार्यको सम्बन्धमा यस अघि आयोगले उजुरी माग गरेको समयमा काबु बाहिरको परिस्थिति परि उजुरी दिन नसकेको स्पष्ट आधार र कारण सहित मिति २०८२ साल भाद्र ४ गते सम्म बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा उजुरी दिनका लागि सामुदायिक रेडियो मार्फत सुचना प्रशारण गर्ने व्यवस्था मिलाईएको छ।

आयोगका पदाधिकारीबाट नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई आयोगको प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्ने सम्बन्धमा पृष्ठपोषण तथा सुझाव प्रदान गरिएको छ।

आयोगका कर्मचारीहरूलाई मिति २०८२।०२।१८ र १९ गते दुई दिने क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा आयोगका पदाधिकारीहरू सहित आयोगका सबै कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो। उक्त कार्यक्रममा आयोगका पुर्व अध्यक्ष युवराज सुवेदी लगायतका विषय विज्ञहरुबाट संक्रमणकालीन न्यायको अवधारणा, विभिन्न देशहरूले संक्रमणकालीन न्याय व्यवस्थापनमा गरेको अभ्यास, संक्रमणकालीन न्यायमा घटनाको छानबिन गर्ने प्रक्रिया लगायत पीडित तथा आरोपित व्यक्तिको भूमिका, दायित्व र अधिकारका विषयमा प्रस्तुतीकरण भएको थियो।

२०८२।२।२०

सहसचिव